आज मिति २०७७ साल भाद्र १२ गते शुक्रवारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठित जिल्ला स्तरिय COVID Crisis Managemnet Center को बैठक बस्यो।

**विशेष उपस्थिती (सल्लाहकार) :**

समन्वय उप - प्रमुख, श्री सरोज कुमार यादव, जिल्ला समन्वय समिति, सिरहा

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्याल, सिरहा - संयोजक
२. प्रहरी उपरिक्षक, श्री उमा शंकर पंजियार, जिल्ला प्रहरी कार्यालय, सिरहा
३. सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा
४. उप.अनु.निर्देशक, श्री रमेशचन्द्र यादव, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा
५. सह सेनानी, श्री प्रमोद अधिकारी
६. समन्वय अधिकारी, श्री शिवेन्द्र कुमार मण्डल, जिल्ला समन्वय समिति, सिरहा
७. प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा
८. मे.सु., डा. नागेन्द्र प्रसाद यादव, जिल्ला अस्पताल सिरहा
९. सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा
१०. अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा
११. प्रतिनिधि, देव कुमार यादव, पत्रकार महासंघ, सिरहा

**बैठकको कारवाही एवम निर्णयहरु:**

१. DCCMC बैठकका पूर्व निर्णयहरुको कार्यान्वयन प्रगति एवम् COVID-19 जोखिम न्यूनीकरण सम्वन्धी विद्यमान अवस्था वारे छलफल भयो।

२. सिरहा जिल्ला COVID-19 जोखिम न्यूनिकरणका लागि २०७७ साउन ३२ को राती १२:०० बजे देखि ०७७ भाद्र १५ को राती १२:०० बजे सम्म अत्यावश्यकिय सेवा वाहेक जिल्ला भर निषेधाज्ञा जारी भएकोमा यस अवधिमा नरहा गा.पा. को चोहर्वा स्थित नेपाल रेडक्रस सोसाईटीको भवनमा नयाँ आईसोलेसन स्थापनाका लागि भूमिगत जलश्रोत सिंचाई विकास डिभिजन कार्यालय लहानबाट पानीको लागि बोरिङ्ग गर्ने काम भैरहेको, VTM बाट परीक्षण गराउने दर र दायरा बढाउने काम हुँदा Positive Case बढिरहेको हुँदा Contact Tracing समेत गरि क्वारेन्टिनमा राख्नका लागि समन्वय भएको, सिरहा अस्पतालमा ICU भेन्टिलेटर लगायतका सामाग्री व्यवस्थापन हुने भएको, प्रदेश सरकार, प्रदेश नं. २ का तर्फबाट PCR ल्याव जडान गर्न टेण्डर प्रकृया अघि बढ्ने बुझिन आएको जस्ता सकारात्मक काम भईरहेता पनि- अझै जमघट, हाटबजार जस्ता कार्य हुन नदिई समुदाय स्तरमा फैलिएको संक्रमण न्यूनीकरण गर्न आवश्यक देखिएको हुँदा अन्तर निकाय समन्वय / सहयोग स्थापित गर्दै आवश्यक्ता अनुरुप कानून कार्यान्वयन गर्न उपयुक्त हुने निर्णय गरियो।

३. COVID-19 संक्रमित सुखिपुर न.पा. वडा नं.- ८ का अन्दाजी वर्ष ६५ का जोगेन्द्र यादव को २०७७।०५।११ को अपरान्ह धरान स्थित BPKISH अस्पतालमा दुखद निधन भै सो शव आज भाद्र १२ मा सुखिपुर न.पा. को स्थानीय तहले तोकेको स्थानमा सदगद गराउन खोज्दा स्थानीय बासिन्दा एक आपसमा विभाजित भै शव व्यवस्थापन गर्न कठिनाई भएको देखिएको हुँदा स्पष्ट रुपमा एकिन गरेर शव गाड्ने स्थान पहिचान गरि/चौहदी खुलाई पठाउन पुन: सबै (१७) स्थानीय तहलाई अनुरोध गर्ने र यसमा सुरक्षा निकायहरुबाट आवश्यक सहयोग पु-याउने। शव गाड्न विवाद हुने अवस्था भएमा सुरक्षा निकायले अग्रिम पहिचान गरि सो स्थानमा शव व्यवस्थापन गर्ने।

प्रमुख जिल्ला अधिकारी

४. जिल्ला प्रशासन कार्यालय सुनसरीको च.नं. ४८ मिति २०७७।०५।१२ को पत्र बाट शव बाहन व्यवस्थापन सम्वन्धमा कोभिड-१९ को संक्रमणबाट बि.पि. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरानमा कोभिड-१९ संक्रमितको मुत्यु भएका अस्पतालबाट शव ल्याउन आ-आफ्नै जिल्लाको शव बाहन प्रयोग गर्न व्यहोरा अबगत भयो। यसर्थ यसमा नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा, सिरहा/ लहान अस्पतालले तुरुन्त व्यवस्था मिलाउने।

५. कोभिड-१९ व्यवस्थापनको सिरहाको हालको अवस्था देहाय अनुरुप रहेको व्यहोरा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन बेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनबाट फिर्ता गरेको संख्या | आईसोलेसन बेड संख्या | आईसोलेसन | | | आईसोलेसनबाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएको व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | | |
| सिरहा | ९ | ० | २१ | १४३० | २२३ | २२ | २४५ | ६७८५ | २०५ | १०८ | ८ | ११६ | २६६ | ७१०७ | ६६१३ | ३९७ | ११६ | २६६ | ६ | ३८०० | थप ११ जना आईसोलेसनमा ल्याउने प्रकृया मा रहेको |

६. प्रदेश सरकार, प्रदेश नं.-२ को कोरोना संक्रमण, रोकथाम तथा उपचार कोषबाट प्राप्त रु ५०,००,०००/- (पचास लाख मात्र) खर्च व्यवस्थापन गर्न मिति २०७७।०५।१० मा बसेको DCCMC बैठकको निर्णय नं. ६ अनुरुप गठित " पारदर्शि समिति " को सुझाब/ प्रतिवेदन अनुरुप सिरहा अस्पतालमा COVID-19 न्यूनीकरणका लागि देहायको व्यवस्थापन गर्ने।

| क्र.स. | प्रस्तावित सामाग्री | संख्या | प्रति इकाई अनुमानित दर रु. | अनुमानित जम्मा मुल्य रु. | कैफितय |
|---|---|---|---|---|---|
| १ | Portable Ventilator | २ | १२,५०,०००/ | २५,००,०००/- | |
| २ | ICU Bed | ५ | २,००,०००/- | १०,००,०००/- | |
| ३ | Monitor 5 (Para meter) | ५ | २,००,०००/- | १०,००,०००/- | |
| ४ | PCR प्रयोगशाला राख्ने भवन मर्मत | - | - | ५,००,०००/- | |
| | | | जम्मा मुल्य रु. | ५०,००,०००/- | |

यसका लागि आवश्यक प्रकृयाका लागि सिरहा अस्पतालले सहयोग गरि जिल्ला प्रशासन कार्यालयले फर्छोट गर्ने। पारदर्शि समितिले नै खरिद कार्यको नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने

७. आईसोलेसन/क्वारेन्टाईन केन्द्रको विद्युत विलको भुक्तानी हुन र मर्मत संभार हुन सम्वन्धित न.पा./गा.पा. कार्यालयमा अनुरोध गर्ने।

८. सिरहा जिल्लामा दिनानुदिन कोरोना पोजिटिभको संख्या बढ्दै गईरहेको अवस्थालाई मध्य नजर गर्दै आउने दिनमा समेत कोरोना पोजिटिभलाई प्रभावकारी उपचारको लागि सिरहा अस्पताल द्वारा संचालित महेन्द्र गेनाई कोभिड अस्पताल, धनगढीमाईमा ५ बेडको भेन्टिलेटर सहितको ICU कक्ष र थप २५ बेडको प्रिफ्याड आइसोलेसन वार्ड समेत संचालन गर्न बजेट रु १,००,००,०००/- (एक करोड मात्र) निकासाको लागि प्रदेश सरकार, प्रदेश नं.-२ / कोरोना रोकथाम तथा उपचार कोषमा पुन: अनुरोध गर्ने।